# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल को संस्थागत सुशासनका नीति निर्देशिका २०६८
## पहिलो संशोधन

यो निर्देशिका २०६७८ मा तयार गरिएको हो भने यसको लाग हने मिति २०६८ असोज १२ गते देखी केन्द्रीय कार्यसमित को बैठक ले लाग हने गरी ।

### सुसाशनको संरचना, सम्वन्ध र कार्यहरु

- अध्यक्षले कार्यसमितिको प्रमुखको रुपमा संस्थाको नेतृत्व गर्नेछ ।
- अध्यक्ष समष्टिगत संस्थाको मामलामा जिम्मेवार रहनेछ भने महासचिव संस्थाको सुचारु रुपले संचालनको निश्चिततताका लागि जिम्मेवार रहनेछ ।
- कोषाध्यक्ष आर्थिक व्यवस्थापनका सिलसिलामा मार्ग निर्देशनका लागि जिम्मेवार रहनेछ ।

### महाधिवेशन र साधारण सभा

- ५१ प्रतिशत गणपुरक संख्या ।
- प्रत्येक १ बर्षमा साधारण सभा ३ वर्षका लागि थप्न सकिने ।
- Major छ सहित प्रत्येक पदमा महिला र १९ जना निर्वाचित समावेशीकरणको आधारमा मनोनित गरेर १९ सदस्यीय कार्यसमिती रहने छन् ।

### व्यवस्थापन कार्यहरु

- कार्यकारी निर्देशकको नेतृत्वमा एक कार्यक्रम व्यवस्थापन समुह रहनेछ । जुन समुहमा कार्यक्रमका विभागीय संयोजकहरु र लेखा प्रमुख सदस्य रहनेछन्
- दैनिक रुपमा हुने प्रशासनिक खर्च तथा कार्यक्रमिक खर्च सम्बन्धित विभागीय प्रमुखको सिफारिशमा कार्यकारी निर्देशकले स्वीकृत गर्नेछ भने प्रत्येक ३ महिनाको आर्थिक आय व्याय कोषाध्यक्ष मार्फत कार्यसमितिलाई अनुमोदनका लागि पठाउनु पर्नेछ ।।
- संस्थाका कर्मचारीहरुको नियुक्ति खुल्ला प्रतिस्पर्धा वा आ्न्तरीक बढोत्तरी कर्मचारी नियमवालीमा ब्ययस्था भए बमोजिम प्रकृया पुरा गरी गर्नसकिने छ ।
- संस्थाले वित्तिय कारोवारको व्यवस्थापनको लागि दोहोरो श्रेष्ता प्रणालीको प्रयोग गर्नेछ । आवश्यकता अनुसार वोलपत्र तथा कोटेशन आह्वान गरी आर्थिक नीति अनुसार सामान खरिद गर्नेछ ।
- संस्थाले कर्मचारीहरुको छनौट, नियुक्ति र अवसरहरु प्रदान गर्ने प्रकृयामा दलित महिला, मधेशी दलित र अल्पसंख्यक तथा सिमान्तकूत दलित समुदायलाई विशेष प्राथमिकता दिनेछ । संस्थाका कर्मचारीमा कम्तीमा ४० प्रतिशत महिला र समानुपातिक सिद्धान्तका आधारमा अन्य दलित समुदायको प्रतिनीधित्व रहनेछन् ।
- कुनै कर्मचारी कार्यसमितिमा जान इच्छुक भएमा कर्मचारीबाट राजिनामा दिएर मात्र जान पाइनेछ । विशेष परिस्थितिमा कार्य समितिले आफुलाई मध्ये कुनै एक जनालाई कार्यकारी प्रमुखको जिम्मेवारी दिन सकिने छ ।

**सुशासन मापनका आधारहरु**

- **जवाफदेहिता**
- **पारदर्शिता**
- **विधिको शासन**
- **उत्तरदायी र वफादारीता**
- **वैधता**
- **सहभागिता**
- **लैङ्गिक समानता**
- **समावेशीकरण**
- **प्रभावकारीता**

**सदस्यता वितरण**

- सदस्यता वितरण निर्देशिकाको आधारमा सदस्यता वितरण गर्नेछ ।